सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ३१ ♦ २०८२ साल असोज ३ शुक्रबार ♦ 19 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## ३ दिनभित्र स्पष्टीकरण पेस गर्न मुख्यमन्त्री सिंहलाई जनमतको निर्देशन


निर्वाचन आयोग दर्ता नं १९०

जनमत पार्टी
JANAMAT PARTY
केन्दिय अनुशासन समिति
GPO - 8975, EPC - 2200, Kathmandu, Nepal janamatparty.org janamatparty@gmail.com

पत्र सख्या: ०८२/८३
चलानी नं: ९६

मिति: २०८२/०६/०२

मा. सतिश कुमार सिंह
मधेश प्रदेश।

विषय: ३ दिन भित्र स्पष्टीकरण पेश गर्ने सम्बन्धमा

जनमत पार्टी मधेश प्रदेश संसदीय दलले मधेश प्रदेशको सरकारमाथि विश्वास नरहेको भनी जनमत पार्टी मधेश सरकारबाट बाहिरिने र मुख्यमन्त्री सहितका आफ्नो पार्टीका मन्त्रीहरूलाई फिर्ता बोलाउने निर्णय गरी मुख्यमन्त्री सहित मन्त्रीहरूलाई मधेश प्रदेश सरकारबाट राजीनामा दिन निर्देशन दिएको र तपाईं स्वमं फेसबुक मार्फतबाट राजिनामा दिएकोमा सोको समेत अवहेलना गर्दै तपाईंले मुख्यमन्त्री पदबाट राजीनामा नदिएको, उल्टा अरू पार्टीहरूसँग साँठगाँठ गरी पार्टीको हित विपरितका गतिविधिमा संलग्न भएको, पार्टीमा आघात हुने गरी कार्य गरेको, पार्टीको छविलाई आँच पुऱ्याएकोले जनमत पार्टीको विधानको धारा ३९(क) को उपधारा १,२,३,४,६,१०,११,१२,१५, साथै राजनैतिक दलसम्बन्धी ऐन २०७३ को धारा १८ तथा सोही ऐनको धारा २८(३) र धारा ३२(२) बमोजिम तपाईंलाई पार्टीको संसदीय दलकोतर्फबाट प्रदेश सभा सदस्य तथा पार्टीको साधारण सदस्य समेत नरहने गरी किन कारबाही नहुनु पर्ने हो ३ दिन भित्रमा स्पष्टीकरण पेश गर्नु हुन अनुरोध छ।

ई. नरेन्द्र प्रसाद चौधरी
केन्द्रीय उपाध्यक्ष
संयोजक, केन्द्रीय अनुशासन समिति
जनमत पार्टी



**खबर दर्पण समाचारदाता**
**असोज १ गते, बर्दिवास**

जनमत पार्टीले मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंहलाई ३ दिन भित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ। जनमतका केन्द्रीय उपाध्यक्ष ई. नरेन्द्र प्रसाद चौधरीले मुख्यमन्त्री सिंहलाई ३ दिन दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएका हुन् ।

जनमत पार्टी मधेश प्रदेश संसदीय दलले मधेश प्रदेशको सरकारमाथि विश्वास नरहेको भनी जनमत पार्टी मधेश सर कारबाट बाहिरिने र मुख्यमन्त्रीसहितका आफ्नो पार्टीका मन्त्रीहरूलाई फिर्ता बोलाउने निर्णय गरी मुख्यमन्त्रीसहित मन्त्रीहरूलाई मधेश प्रदेश सरकारबाट राजीनामा दिन निर्देशन दिँदा राजीनामा नदिएर अवहेलना गरेको भन्दै स्पष्टीकरण सोधिएको हो ।

मुख्यमन्त्री सिंहले पार्टीको निर्देशन अवज्ञा गर्दै अरू पार्टीहरूसँग साँठगाँठ गरी पार्टीको हित विपरितका गतिविधिमा संलग्न भएको र पार्टीमा आघात हुने गरी कार्य गरेको जनमतको आरोप छ । पार्टीको छविलाई आँच पुयाएकोले जनमत पार्टीको विधानको धारा ३९ (क) को उपधारा १,२,३,४,६,१०, ११,१२,१५, साथै राजनैतिक दलसम्बन्धी ऐन २०७३ को धारा १८ तथा सोही ऐनको धारा २८(३) र धारा ३२ (२) बमोजिमउनलाई पार्टीको संसदीय दलकोतर्फबाट प्रदेश सभा सदस्य तथा पार्टीको साधारण सदस्य समेत नरहने गरी कारबाही गर्ने तयारी गरिएको छ ।

स्पष्टीकरणमा भनिएको छ,'जनमत पार्टी मधेश प्रदेश संसदीय दलले मधेश प्रदेशको सरकारमाथि विश्वास नरहेको भनी जनमत पार्टी मधेश सर कारबाट बाहिरिने र मुख्यमन्त्री सहितका आफ्नो पार्टीका मन्त्रीहरूलाई फिर्ता बोलाउने निर्णय गरी मुख्यमन्त्री सहित मन्त्रीहरूलाई मधेश प्रदेश सर कारबाट राजीनामा दिन निर्देशन दिएको र तपाईं स्वमं फेसबुक मार्फतबाट राजिनामा दिएकोमा सोको समेत अवहेलना गर्दै तपाईंले मुख्यमन्त्री पदबाट राजीनामा नदिएको, उल्टा अरू पार्टीहरूसँग साँठगाँठ गरी पार्टीको हित विपरितका गतिविधिमा संलग्न भएको, पार्टीमा आघात हुने गरी कार्य गरेको, पार्टीको छविलाई आँच पुयाएकोले जनमत पार्टीको विधानको धारा ३९ (क)को उपधारा १,२,३,४,६,१०, ११,१२,१५, साथै राजनैतिक दलसम्बन्धी ऐन २०७३ को धारा १८ तथा सोही ऐनको धारा २८९३० र धारा ३२ (२) बमोजिम तपाईंलाई पार्टीको संसदीय दलकोतर्फबाट प्रदेश सभा सदस्य तथा पार्टीको साधारण सदस्य समेत नरहने गरी किन कारबाही नहुनु पर्ने हो ३ दिन भित्रमा स्पष्टीकरण पेश गर्नु हुन अनुरोध छ ।'

## मधेसका मुख्यमन्त्री सिंहलाई निकासको बाटो खोल्न दलहरूको दबाब



**खबर दर्पण समाचारदाता**
**असोज १ गते, बर्दिवास**

जेनजी आन्दोलनले क्षति भएका संरचनाको लेखाजोखा गर्नुपर्ने समयमा मधेस प्रदेशमा सत्ता परिवर्तनको जोडघटाउ सुरु हुन थालेको छ ।

जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सतिशकुमार सिंहलाई पार्टीले साधारण सदस्यसमेत नर हने गरी कारबाही गरेको छ । सो पार्टीले प्रदेश सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको औपचारिक घोषणा गरि सकेको छ ।

यसका बाबजुद मुख्यमन्त्री सिंह पद छाड्न तयार देखिएका छैनन्। जेनजी पुस्ताको आन्दोलन उत्कर्षमा पुगेकै समयमा भदौ २४ गते मुख्यमन्त्री सिंहले सामाजिक सञ्जालमार्फत र ाजीनामाको घोषणा गरेका थिए । पछिल्लो समय उनले र ाजीनामा नदिने अडान लिन थालेपछि प्रदेशको राजनीति थप तरङ्गित बनेको छ ।

मुख्यमन्त्री सिंहले प्रदेश सभामा विश्वासको मत लिने योजना बनाएका छन्। विश्वासको मत नपाएको खण्डमा आफू स्वत: बाहिरिने उनको भनाइ छ ।

जनमत पार्टी, मधेस प्रदेशका संसदीय दलका नेता महेश यादवले मुख्यमन्त्री सिंहको यस्तो अडानलाई 'नैतिक आचरण विपरीत' भनेका छन्। बिहीबार बिहान बसेको संसदीय दलको बैठकले मुख्यमन्त्री सिंहलाई साधारण सदस्य नरहने गरी पार्टीबाट निष्कासन गर्न केन्द्रीय समिति समक्ष सिफारिस गर्ने निर्णय गरेको उनको भनाइ छ।

संसदीय दलका नेता यादवले भने, 'दलको निर्णय नमान्ने हो भने पार्टीमा त्यस्ता नेता-कार्यकर्ताको कुनै आवश्यकता रहँदैन ।'

मधेस प्रदेशमा मुख्यमन्त्री सिंहको राजीनामालाई लिएर सिर्जित राजनीतिक विवादकाबिच सभामुख रामचन्द्र मण्डलले छिटै सदन सञ्चालन गर्ने प्रतिबद्धता जनाएका छन् । उनले सरकार र विपक्षी पक्षलाई एकत्रित गरेर सदन सञ्चालनको तयारी थालेका हुन् । विभाजनकारी कार्यले सकारात्मक सन्देश नदिने भन्दै उनले सबै दललाई एकजुट बनाउन पहल गर्दै प्रदेश सभा सञ्चालनको तयारी भइरहेको प्रस्ट पारे ।

सभामुख मण्डलले भने, 'सरकार पक्षले सदन चलाउन भनेको छ भने विपक्षले नचलाउने अडान लिएको छ, तर अहिलेको संवेदनशील अवस्थामा विभाजित भएर अघि बढ्नु राम्रो होइन । त्यसैले म दलहरुलाई एकजुट बनाएर सदन सञ्चालन गर्न चाहन्छु ।'

प्रदेश सभामा प्रतिनिधित्व गर्ने विभिन्न दलका नेताहरू समेत मुख्यमन्त्री सिंहले राजीनामा दिनुपर्ने धारणा राख्छन् ।


नेकपा माओवादी मधेस प्रदेश संसदीय दलका उपनेता युवराज भट्टराईले संघीयतामा दल ठुलो हुने र व्यक्तिको भूमिका दोस्रो हुने बताए । उनले भने,

बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ् कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# महोत्तरीमा बालेनको पुर्ख्यौली घरमा तोडफोड गरिएको भिडिओ, सत्यता के हो?

**खबर दर्पण समाचारदाता**

**असोज २ गते, बर्दिवास**





सामाजिक सञ्जालमा अहिले काठमाडौँ महानगरपालिकाका प्रमुख (मेयर) बालेन्द्र शाह 'बालेन'को महोत्तरीस्थित पुर्ख्यौली घरमा तोडफोड गरिएको भन्दै एउटा भिडिओ भाइरल छ।

जेनजी आन्दोलनपछि मुलुकमा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार ढलेर अन्तरिम सरकार गठन भएका बेला उक्त भिडिओ सार्वजनिक भएको हो।

जेनजी आन्दोलनमा मेयर बालेनले पनि समर्थन गरेका थिए भने सुरुमा आन्दोलनकारीले उनैलाई प्रधानमन्त्री बन्न प्रस्ताव गरेका थिए। तर उनले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई समर्थन गरेपछि राष्ट्रपति रामचन्द्र पौडेलले नियुक्ति गरेका थिए।

यसैबीच मेयर बालेनलाई 'विदेशीबाट परिचालित भन्दै' महोत्तरीको एकडारा गाउँपालिका वडा नम्बर २ स्थित उनको पुर्ख्यौली घरमा तोडफोड भनेर सामाजिक सञ्जालमा भिडिओ भाइरल पारिएको हो।

यस विषयमा बिहीबार बिहान महोत्तरी जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी शैलेन्द्र भट्टले कुरा झुटो भएको बताए।

'हामीले पनि सामाजिक सञ्जालमा भिडिओ देख्यौँ, त्यसपछि उहाँको घरमा गयौँ तर पछिल्लो समय उनको घरमा कुनै तोडफोड भएको छैन, त्यो भिडिओ अहिलेको होइन।' डीएसपी भट्टका अनुसार त्यो भिडिओ पहिलेकै कुनै बेलाको हो।

'तर त्यो कहिलेको र कुन सन्दर्भमा थियो भन्ने कुरा हामीलाई थाहा भएन', उनले नेपालखबरसँग भने, 'तर त्यो पछिल्लो समय (जेनजी आन्दोलनपछि) को होइन, हाल त्यहाँ केही पनि भएको छैन।'

# मधेसका मुख्यमन्त्री सिंहलाई......

'राजनीतिमा नैतिकताको खडेरी छ। संघीयता विरोधीले जेनजी आन्दोलनको नाममा तहसनहस मच्चाएका छन्। संघीयताको जननी रहेको मधेस प्रदेशबाट संघीयता कार्यान्वयन गरेर उनीहरूलाई सन्देश दिनुपर्छ।'

जनता समाजवादी पार्टी नेपालका मधेस प्रदेश संसदीय दलका नेता सरोज कुमार यादवले मुख्यमन्त्री सिंहले फेसबुकमार्फत राजीनामा घोषणा गरिसकेकाले औपचारिक रूपमा पदत्याग गर्नुपर्नेमा जोड दिए। उनले भने, 'दलले नै फिर्ता बोलाइसकेको अवस्थामा मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने हुन्छ। अहिले पदको लोभ गरेर बस्नेभन्दा पनि सदन चलाएर संघीयता विरोधीहरूलाई चेतावनी दिनुपर्ने बेला हो।'

नेकपा एमाले मधेस प्रदेश सभा संसदीय दलका प्रमुख सचेतक हरिनारायण महतोले देश संकटमा रहेको अवस्थामा संसद् बैठक राखेर एउटा सन्देश दिन सक्नुपर्ने बताए। उनले भने, 'मुख्यमन्त्रीले राजीनामा दिएको भन्ने कुरा नकार्न सकिँदैन। दलले फिर्ता बोलाइसकेको अवस्थामा पनि सरकारमा बसिरहनु राम्रो होइन। यो नैतिकता विषय पनि हो।'

नेपाली कांग्रेसका प्रदेश सभा सदस्य रामसरोज यादवले लोकतन्त्रमा दल ठुलो हुने भएकाले दलको निर्णयलाई सबैले मान्नुपर्ने बताए। उनले भने, 'मुख्यमन्त्री आफैँले सामाजिक सञ्जालमार्फत राजीनामा घोषणा गरे पनि अहिले आएर राजीनामा नदिने भन्नु नैतिकतामाथि प्रश्न चिह्न हो।'

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका मधेस प्रदेश संसदीय दलका नेता जितेन्द्र सोनलले मुख्यमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने बताए। उनले भने, 'स्वयंलाई बदनाम गर्नुभन्दा राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्छ। दलले गरेको निर्णयलाई नमान्ने प्रवृत्ति बढे लोकतन्त्रमै प्रहार हुन्छ।'

उनले आगामी मुख्यमन्त्रीबारे अहिले नै निश्चित कुरा गर्न नसक्ने बताए। यद्यपि लोसपा अध्यक्ष महन्थ ठाकुरले सार्वजनिक रूपमा मधेस प्रदेशको मुख्यमन्त्री पदमा आफ्नो दलको दाबी हुने बताइसकेको पनि सोनलले स्मरण गराए।

# वातावरण पत्रकारिता पुरुस्कारवाट पत्रकार बस्नेत सम्मानित



**खबर दर्पण समाचारदाता**

**असोज २ गते, बर्दिवास**

नेपाल वातावरण पत्रकार समूह (नेवापस)ले वातावरण पत्रकारिता पुरस्कारमा विशाल बस्नेतलाई सम्मानित गरेको छ। बर्दिवासबाट प्रकाशित खबर दर्पण दैनिकका कार्यकारी सम्पादक तथा सौर्य राष्ट्रिय दैनिकका लागि महोत्तरीबाट वातावरण र दिगो विकासका विषयमा खोजमुलक समाचार लेख्दै आएका उनलाई ४० औ साधारणसभाको अवसरमा समूहले आज नगद र सम्मानपत्र प्रदान गरेको हो।

गत वर्ष (सन् २०२४मा) वातावरण र दिगो विकासका विषयमा पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइनमा प्रकाशित-प्रसारित सामग्री र कार्यक्रमहरूबाट बस्नेत सर्वोत्कृष्ट चयन भएका थिए। समूहले पत्रकारहरूलाई प्रोत्साहन गर्न विगत ४ दशकयता वातावरण पत्रकारिता पुरस्कार प्रदान गर्दै आएको छ।

पुरस्कारका लागि समूहले पत्रकारहरूलाई सन् २०२४ भरिका आफ्ना लेख-रचना तथा कार्यक्रम समावेश गरी आवेदन दिन आह्वान गरेको थियो। समूहका पूर्व अध्यक्ष तीर्थ कोइराला संयोजकत्वमा पूर्व महासचिव निमेष रेग्मी र विज्ञ सदस्य डा. विनोद भट्ट सम्मिलित ३ सदस्यीय निर्णायक मण्डलको सिफारिसका आधारमा बस्नेतलाई देशैभरीवाट पुरस्कार दिने निर्णय गरिएको थियो। उनी समूहको पुरस्कार प्राप्त गर्ने ३८ औं पत्रकार हुन्।

यससँगै समूहले २०२४ का लागि प्रशंसनीय र उत्कृष्ट रिपोर्टिङ गरेका १० जना पत्रकारहरूलाई 'उत्कृष्ट रिपोर्टिङ-२०२४' प्रशंसा पत्र प्रदान गरेको छ।

सम्मानित हुनेहरुमा वसन्त ढुंगाना, ओम शाही, बालिका मादेन, वीरेन्द्र रमण, केशरराज क्षेत्री, युवराज कर्णेल, विकास आचार्य, अर्चना दर्जी (परियार), दुर्गा रानामगर र सागर परियार रहेका छन्।

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

मटिहानी नगरपालिका, महोत्तरी

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महोत्तरीमा मखान खेती : सांस्कृतिक पहिचान जगेर्ना गर्दै किसानलाई आर्थिक समृद्धितिर लम्काउँदै





**नबिन प्रियदर्शी**

**असोज १ गते, बर्दिवास**

मिथिलामा मखानको धेरै महत्त्व छ। मिथिला संस्कृतिमा जन्मदेखि मृत्युसम्म मखानको प्रयोग हुन्छ । परिणामस्वरुप मखानको माग बढ्दो छ भने नेपालमा यसको व्यावसायिक खेती निकै कम हुँदा भारतबाट आयात गरेर माग धान्नुपर्ने अवस्था छ ।

मिथिलामा मखानको बढ्दो मागका कारण पछिल्लो समय महोत्तरी जिल्लाको मठिहानीमा यसको व्यावसायिक खेती हुँदै आएको छ । मखान खेती महोत्तरी जिल्लाको विशेष र पहिचानयोग्य कृषि गतिविधि हो। महोत्तरी जिल्लाको मठिहानी नगरपालिका र अन्य स्थानहरूमा मखान खेती हुने गरेको छ । यसको व्यावसायिक खेतीले कृषकहरूको जीवनस्तरमा समेत ठुलो परिवर्तन ल्याएको छ ।

मखान खेतीका लागि महोत्तरी निकै चर्चित छ । यस क्षेत्रका सहनी, मलाह समुदायका मानिस मखान खेतीमा संलग्न छन्। यो परम्परागत खेती प्रायः स्थानीय नदी, तलाउ र पोखरीहरूमा गरिन्छ, जहाँ मखानको फूल र बिउ उत्पादन हुने गर्छ ।

मखान एउटा जलजन्य खेती हो, जसलाई अन्नको रूपमा प्रयोग गर्न सकिन्छ । यसको खेती विशेष प्रकारका पानीका स्रोतमा गरिन्छ र यसका लागि विशेष मौसम र हावापानी आवश्यक हुन्छ । महोत्तरीका कतिपय किसानले पुस्तौँदेखिको परम्परालाई निरन्तरता दिँदै मखान खेती गर्दै आएका छन्। महोत्तरी जिल्लाका विभिन्न पालिकामा मखान खेती हुँदै आएको छ । खासगरी बलबा नगरपालिका, भंगहा नगर पालिका, लोहारपट्टी नगर पालिका, मठिहानी नगरपालिका र जलेश्वर नगरपालिकामा यसको खेती बढी हुने गर्छ । यहाँका किसानले मखान खेतीलाई मुख्य पेसाका रूपमा अँगालेका छन् र यसलाई आर्थिक समृद्धिको स्रोत बनाएका छन् ।

मखान खेती गर्दै आएका किसान दिनेश सहनीका अनुसार मखान उत्पादनमा धेरै लगानी आवश्यक पर्दैन । यद्यपि मेहनत र समय भने निकै लाग्ने उनको भनाइ छ ।

किसानहरूले चैत महिनामा मखानको बिउ रोप्छन् भने भदौदेखि कार्तिकसम्म छानेर सङ्कलन गर्छन् । बाँकी ६ महिनामा भने त्यही पोखरीमा माछा पालन गर्ने भएकाले वर्षभर नै जलमार्फत आम्दानी हुने गरेको छ । यही कारण हाल मखान खेतीप्रति किसानहरूको आकर्षण दिन प्रतिदिन बढ्दो छ ।

'मिथिला मखाना' नामक संस्थाले महोत्तरीको भंगहा नगर पालिकामा हाल ६० बिघा क्षेत्रफलमा मखान खेती गरिरहेको छ । संस्थाका सञ्चालक महेश सहनीका अनुसार २०७२ सालदेखि खेती सुरु गरिएको हो। प्रारम्भमा १० बिघामा सुरु गरिएको खेती अहिले विस्तार भएर ६० बिघा क्षेत्रफलमा पुगेको छ ।

सहनीका अनुसार हालसम्म करिब ८० लाख रुपैयाँ लगानी भइसकेको छ भने वार्षिक रूपमा राम्रो आम्दानी भइरहेको छ । यस पेसाप्रति आफू निकै सन्तुष्ट रहेको उनले बताए । सहनीले थपे, 'यो पेसा पुस्तौँदेखि हुँदै आएको हो, त्यसैले यो खेती गर्न मलाई निकै सहज लाग्छ।' उनले पछिल्लो वर्ष ८० टन उत्पादन भएको जानकारी दिए। यस वर्ष १२० टन उत्पादन हुने उनको अनुमान छ । व्यापारीसँग १ हजार ३ सय देखि १ हजार ४ सय रुपैयाँ प्रतिकिलोमा किसानले बेच्ने गर ` पनि बजारमा पुग्दा दुई हजार रुपैयाँ प्रतिकिलोमा बिक्री हुने गरेको उनको भनाइ छ ।

मखानको उत्पादनपछि कृषकहरू त्यसलाई थोकमा बेच्न स्थानीय बजार र व्यापारिक क्षेत्रहरूमा पुग्ने प्रयास गर्दछन्। मिथिला क्षेत्रको संस्कृतिमा मखानको गहिरो सम्बन्ध रहेकाले स्थानीय बजारमै यो खपत हुन्छ ।

पण्डित डा.गोविन्द चौधरीका अनुसार मिथिलामा पान मखान र माछाको धेरै महत्त्व छ । 'पूजामा मखान नभए प्रसादलाई अधुरो मानिन्छ,' उनले भने, 'मखानविना श्राद्ध पनि अधुरो हुन्छ ।'

पान मखान दुर्लभ रहेको उनको भनाइ छ । यसरी मखानको सांस्कृतिक महत्त्वले यसको व्यापारलाई थप प्रोत्साहन दिएको उनले बताए ।



किसान सरोज सहनीले भने, 'मखानको थोक बजारमा मूल्य १४०० रूपैयाँसम्म पुग्छ, काचो मखानलाई ३५० रुपैयाँको दर ले किनेर त्यसलाई भुटेर मखान तयार बनाइन्छ। ३ किलो काचो मखानबाट १ किलो मखानको फूल तयार हुन्छ ।'

मठिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलले मखान खेती मठिहानीको ऐतिहासिक विशेषता भएको बताए। मखान खेती प्रवर्द्धनका लागि आफूले प्रधानमन्त्री केपी ओलीलाई मखान उपहारसमेत प्रदान गर्दै यसको व्यावसायिक उत्पादन र बजार विस्तारमा सहयोग पुऱ्याउन आग्रह गरेको उनले जानकारी दिए ।

प्रदेशका मुख्यमन्त्रीलाई पनि मखान खेती प्रवर्द्धन गर्न अनुरोध गरेको नगरप्रमुख मण्डलले बताए । उनका अनुसार मखान खेतीलाई प्रोत्साहन गर्न किसानलाई ब्याण्डिङ मेसिन, बोरा (थैला), भुट्ने सामग्री, तालिम तथा अनुदानको व्यवस्था नगर पालिकाले गरेको छ ।

विशेष गरी मखान खेती गर्दै आएका मठिहानी नगरपालिका-७ पूवार्री टोलका सहनी र मुस्लिम समुदायका किसानलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन भइरहेको उनले उल्लेख गरे । सोही वडामा व्यक्तिगत रूपमा मखान खेती गर्दै आएका किसान संजय सहनीले गुठीबाट वार्षिक ९ लाख रुपैयाँ भाडा तिरेर ६ बिघा जग्गामा खेती गरिरहेका छन् । घाटा भए पनि गुठीले रकममा कुनै छुट नदिएको उनको गुनासो छ । निजी व्यक्तिबाट भाडामा लिएको थप ८ बिघा पोखरी आफूलाई आम्दानीको अतिरिक्त स्रोत बनेको उनको भनाइ छ ।

पूर्वारी टोलकी ५० वर्षीया लक्षा खातुन किसानहरूले उत्पादन गरेका काँचो मखान सङ्कलन गरी भुटेर तयार पार्ने काम गर्दै आएकी छन् । उनका अनुसार भदौ, असोज र कात्तिक गरी तीन महिनासम्म यो काम हुने गर्छ, जसमा उनको सम्पूर्ण परिवारले सहयोग गर्ने गर्दछ । खातुनका अनुसार मखान भुटाइबाट वार्षिक करिब तीन लाख रुपैयाँ आम्दानी हुने गरे पनि तीन महिनामात्र सीमित हुने भएकाले यसले परिवारको वर्षभरिको खर्च धान्न पुग्दैन । त्यसैले बाँकी समयमा आम्दानीका लागि अन्य काम गर्ने गरेको उनले बताइन् ।

मखान खेतीले स्थानीय समुदायमा एकता र सहकार्यको भावना पनि बढाएको छ। ठुला पोखरीमा सामूहिकता र आपसमा सहकार्यका साथ खेती गर्नुपर्ने भएकाले यसले एकता र सहकार्यलाई बढावा दिने स्थानीय बताउँछन् ।

सामाजिक अभियन्ता डा. सरोज ठाकुरले मखान खेतीको भविष्य महोत्तरी जिल्लामा उज्ज्वल रहेको बताए । उनले भने, 'यसको बजार विस्तार हुँदै गएको छ र यसको उत्पादनमा बढोत्तरीको सम्भावना छ ।'

स्थानीय कृषकहरूलाई तालिम र स्रोत उपलब्ध गराउने कार्यक्रम स्थानीय तहबाट भइर हेका कारण, मखान खेतीले किसानको आर्थिक अवस्था सुधार गर्ने देखिन्छ ।



# प्रधानमन्त्री कार्की र भारतीय प्रधानमन्त्री मोदीबीच फोनमा कुराकानी



**खबर दर्पण समाचारदाता**
**असोज २ गते, बर्दिबास**

प्रधानमन्त्री सुशीला कार्की र भारतीय समकक्षी नरेन्द्र मोदीबीच फोनमा कुराकानी भएको छ। बिहीबार उनीहरूबीच कुराकानी भएको हो।

प्रधानमन्त्री कार्कीले भारतीय प्रधानमन्त्री मोदीसँग के-के विषयमा कुराकानी गरेको हो भन्नेबारे परराष्ट्र मन्त्रालयले विज्ञप्ति निकालेर जानकारी गराउने तयारी गरेको छ।

भारतीय प्रधानमन्त्री मोदीले भने नेपालको अन्तरिम प्रधानमन्त्री कार्कीसँग आत्मीय कुराकानी भएको बताएका छन्।

उनले सामाजिक सञ्जाल फेसबुकमा पोस्ट गर्दै हालै भएको आन्दोलनमा मृत्यु भएकाहरूप्रति श्रद्धाञ्जली र परिवारजनमा समवेदना व्यक्त गर्दै शान्ति र स्थिरता पुनर्स्थापित गर्ने नेपालको प्रयासप्रति भारतको दृढ समर्थन रहेको बताएका छन्।

उनले संविधान दिवसको पनि शुभकामना दिएका छन्।

कार्कीको शपथग्रहणलगत्तै राति नै भारतको विदेश मन्त्रालयले सबभन्दा पहिला बधाई र शुभकामना दिएको थियो। पछि भारतीय प्रधानमन्त्री मोदीले मणिपुरको एक सम्मेलनमा बोल्ने क्रममा नेपालको उदाहरण दिएका थिए।

# कमला-बर्दीबास-बागमती सडक स्तरोन्नतिको काम अवरुद्ध

**खबर दर्पण समाचारदाता**
**असोज २ गते, बर्दिवास**

पूर्वपश्चिम राजमार्गअन्तर्गत कमला-बर्दीबास-बागमती सडक स्तरोन्नतिको काम जेनजी आन्दोलनका कारण अवरुद्ध छ । आन्दोलनको आडमा तोडफोड, आगजनी र सुरक्षा चुनौती बढेपछि निर्माण कार्य रोकिएको जनाइएको छ। काम ठप्प हुँदा ३०० बढी कामदार अलपत्र छन् ।

विश्व बैंकको १८ अर्ब ६० करोड रुपियाँ ऋण सहयोगमा निर्माणाधीन ७४.७५ किलोमिटर लम्बाइको यो सडक सन् २०२५ जनवरीमा सुरु भई सन ०२७ को जनवरीमा सम्पन्न गर्नुपर्ने भए पनि विभिन्न बाधा-अवरोधले आयोजना प्रभावित हुँदै आएको छ ।

आयोजना प्रमुख छविलाल पौडेलका अनुसार हाल सडक खण्डमा पुल र कल्भर्ट निर्माणको काम भइरहेको थियो । अहिलेसम्म १० वटा कलभर्टको निर्माण सम्पन्न भइसकेको छ। १९ पुल र १२ कलभर्ट नर्माण भइरहेको बेला आन्दोलन चर्केपछि कामदारको सुरक्षा र निर्माण उपकरण जोगाउन काम रोक्नु परेको जनाइएको छ ।




निर्माणाधीन अधिकांश पुलपुलेसा महोत्तरी र सर्लाहीको जङ्गली क्षेत्रमा पर्छन्। जेनजी आन्दोलन चर्केको मौकापारी निर्माण स्थल आसपासको टुटेश्वर र गढन्ताको साझेदारी वनमा हतियारधारी समूहले वन अध्यक्षलाई नियन्त्रणमा लिई व्यापक फडाँनी गरेको घटनाले पनि ठेकेदार कम्पनीलाई काम रोक्न दबाबमा पारेको हो ।

पौडेलका अनुसार आन्दोलनका कारण निर्माण कार्य मात्र नभई प्रशासनिक प्रक्रिया समेत प्रभावित छन्। सडक 'राइट वे' भित्र पर्ने रुख, विद्युत पोल तथा घरटहरा व्यवस्थापनको काम पनि स्थगित छ।

आन्दोलनका कारण कमलादेखि बागमतीसम्मको सडक दायाँबायाँ पर्ने ८ हजार ४५२ वटा रुख हटाउने प्रक्रिया अन्तिम चरणमा पुगेर रोकिएको छ । रुखको गणना, प्रमाणीकरण, नम्बरिङ र टाँचा लगाउने काम सकिएको छ ।

अब प्रदेश वन निर्देशनालयको अनुगमनपछि डिभिजन वन कार्यालयबाट कटान आदेश जस्ता प्रक्रियागत काममा बाधा पुगेको छ ।

यस्तै, सडक विस्तार क्षेत्रमा पर्ने २ हजार २४१ वटा विद्युत् पोलको व्यवस्थापन पनि पछि धकेलिएको छ । सडक क्षेत्राधिकारमा पर्ने २५-२५ मिटर भित्रका घरटहरा हटाउन गठित ३ सदस्यीय समितिले २ साताभित्र प्रतिवेदन बुझाउनु पर्ने थियो। आन्दोलनले यो प्रक्रिया पनि प्रभावित भएको गौरीडाँडास्थित आयोजनाको कार्यालयले जनाएको छ ।

विभिन्न बाधा व्यवधानका कारण समय सीमाभित्र सडक निर्माण सकिने सम्भावना चुनौतीपूर्ण बन्दै गएको पौडेलले जनाउनुभयो। उहाँले भन्नुभयो "अवस्था सहज हुँदै गएकोले काम सुचारु गर्ने प्रयास भइ रहेको छ । तथापि एकपटक रोकिएको काम पुनः सुचारु गर्न तयारी र व्यवस्थापनमा समय त लाग्छनै ।'

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

मनरा सिस्वा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं
- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

भंगहा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं
- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

एकडारा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

सोनमा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

जलेश्वर नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

महोत्तरी गाउँपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,